

# अध्याय -४

## परमेश्वरको लक्ष्य वा मिसन फैलाउनु

यस अध्यायका मूल पदहरूः उत्पत्ति १८; याकूव ५:१६; रोमी ८:३४; हिब्रू ७:२५; उत्पत्ति १९:१-२९; उत्पत्ति १२:१-९।

यस अध्यायको मूल सार पदः *"एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछुः तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।" यूहन्ना १३:३४-३५।*

सुरुदेखिनै परमेश्वरले उहाँको लक्ष्यको निम्ति आफूलाई प्रयोग गरोस् भन्ने अब्राहमको चाहना थियो। यो तथ्य उत्पत्ति १८मा देखाइएको हामीले हेर्न सक्छौं। त्यसबेला, सोडोम र गोमोरालाई के हुनेछ भनेर अब्राहमलाई परमेश्वरले सतर्क गराउनुभएको थियो। "परमेश्वरले आफ्नो गोप्य कुरा उहाँका सेवक अगमवक्ताहरूलाई प्रकट नगरि उहाँले केही गर्नुहुन्न।" आमोस ३:७। सोडोम र गोमोराको कथामा उहाँका सेवक अब्राहम थिए।

गर्मीको याममा अब्राहम रूखको छहारीमा रहेको आफ्नो पालमा विश्राम गरिरहेका थिए। तब अचानक उनले तीन जना अपरिचित यात्रुहरू देखे। "केवल तीन जना थकित यात्रुहरू अब्राहमले देखेका थिए। तिनीहरूमा एक जना परमेश्वर हुनुहुन्छ भन्ने कुरा उनलाई थाहा थिएन। पापरहित

परमेश्वरलाई उनले ढोग्न पुगेको भएको हुन्थ्यो भन्ने कुरा उनलाई सुरुमा थाहा थिएन।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. १३८,१३९।

तर अब्राहम छिटै परमेश्वरको लक्ष्यमा आफू पनि समावेश हुन पुगेका थिए। उनको संलग्नता यस अध्यायमा प्रकट गरिएको हामी हेर्नेछौं। उनले सोडोम र गोमोराको निम्ति प्रार्थना गरेका थिए र तिनीहरूलाई बचाउन बिन्ती गरेका थिए। ती सहरको मानिसहरू दुष्ट नै भएतापनि कमसेकम कोही त धर्मात्मा होला जसले गर्दा ती सहरहरू नष्ट नहोस् भन्ने उनले चाहेका थिए। यदि, हाम्रो पनि त्यही लक्ष्य होइन भने अरू के होला?

यस अध्यायभरि अब्राहमको तीन महान् आध्यात्मिक गुणहरू प्रकट गरिएको हामी पाउँछौंः अतिथी सत्कार, प्रेम र प्रार्थना। यदि यी गुणहरू हामीमा पनि भयो भने परमेश्वरको महिमाको निम्ति हामीले गर्ने काममा पनि ठूलो सहयोग हुनेछ।

## १. अतिथि सत्कारको बरदान

उत्पत्ति १८:१-१५ पढ्नुहोस्। यात्रुहरूको जवाफमा अब्राहमले देखाएका अतिथि सत्कारका के तत्वहरू प्रकट गरिएका छन्? हेर्नुहोस्, **"१ दिउँसोको गर्मीमा मम्रेका फलाँटका रूखहरूनेरको आफ्नो पालको ढोकामा अब्राहाम बसिरहँदा परमप्रभु तिनीहरूकहाँ देखा पर्नुभयो। २ तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामु तीन जना मानिसहरू उभिरहेका देखे। उनीहरूलाई देखेर तिनी पालको ढोकाबाट भेट गर्नलाई कुदेर गए, र भूइँसम्म निहुरेर दण्डवत् गरे। ३ तिनले भने, "हे मेरा प्रभु, ममाथि तपाईंको निगाह हुन्छ भने कृपा गरी आफ्नो दासकहाँबाट त्यसै नजानुहोस्। ४ म केही पानी ल्याउनेछु, र तपाईंहरू आफ्ना पाउ धुनुहोस्, र यही रूखमुनि आराम गर्नुहोस्। ५ म गएर केही रोटी ल्याउनेछु, र खाएर तपाईंहरू थकाइ मार्नुहोस्, त्यसपछि मात्र जानुहोस्, किनभने यसैको निम्ति तपाईंहरू आफ्नो दासकहाँ आउनुभएको होला।" उनीहरूले भने, "जाऊ, तिमीले भनेअनुसार गर।"**

**६ तब अब्राहाम झट्टै पालमा साराकहाँ गएर भने, "तुरुन्तै पाँच पाथी मसिनो पीठो तयार गरी मुछेर रोटी बनाऊ।" ७ अब्राहाम आफैचाहिँ बथानतिर कुदेर गए, र एउटा कलिलो र असल बाछो छानेर आफ्नो नोकरलाई दिए, र त्यसले तुरुन्तै त्यो पकायो। ८ तब तिनले दही, दूध र त्यो पकाएको बाछाको**

**मासु लगेर उनीहरूका सामु टक्र्याए। उनीहरूले नखाउञ्जेल तिनी उनीहरूकै नजिक उभिरहे। ९ अनि उनीहरूले तिनलाई सोधे, "तिम्री पत्नी सारा कहाँ छिन्?" तिनले भने, "तिनी त पालमा छिन्।" १० तब परमप्रभुले भन्नुभयो, "आउँदो साल यही समयमा म निश्चय नै तिमीकहाँ फर्किआउनेछु, र हेर्, तिम्री पत्नी साराले एउटा छोरो जन्माएकी हुन्छे।" साराले चाहिँ यो कुरो पालको ढोकाबाट उहाँको पछिल्तिर सुनिरहेकी थिइन्। ११ अब्राहाम र सारा वृद्ध थिए र तिनीहरूको उमेर धेरै ढल्किसकेको थियो। साराको रजस्वला पनि बन्द भइसकेको थियो। १२ यसकारण सारा मनमनै यसो भन्दै हाँसिन्, "म वृद्ध भइसकेकी छु, र मेरा पति पनि वृद्ध भइसक्नुभएको छ, र के मलाई यो सुख हुन्छ र?"**

**१३ तब परमप्रभुले अब्राहामलाई भन्नुभयो, " 'बूढी भएर पनि मैले छोराछोरी पाउने' भनेर सारा किन हाँसी? १४ परमप्रभुको निम्ति कुनै कुरो कठिन छ र? आउँदो साल तोकिएकै समयमा म तिमीकहाँ फर्किआउनेछु, र साराको एउटा छोरा हुनेछ।" १५ तर साराले यसो भन्दै इन्कार गरिन्, "म हाँस्दै हाँसिनँ।" किनभने तिनी डराइन्। तर उहाँले भन्नुभयो, "तिमी हाँसेकै हो।" उत्पत्ति १८:१-१५।**

गर्मीको मौसम थियो। अब्राहम आफ्नो पालको ढोकामा थचक्क बसिरहेका थिए। यो व्यवहार असमान्य थियो। गर्मीको समयको चर्को घाममा जो पनि रुखमुनि बसेर ताजा हावा खान बस्दथे। तर पालको ढोकामा बसेर घामलाई सहेर बसेको कारण कोही यात्रु त्यस ठाउँबाट गए उसलाई सहायता गर्न सक्थ्यो कि भनेर उनले सोचिरहेको हुनुपर्दछ।

अनि त्यसैबेला उनले ती यात्रुहरू देखा परे। अतिथी सत्कार गर्ने उनको बानी नै थियो होला। त्यसैकारण सुरुमै पालको ढोकाबाट निस्केर उनी तिनीहरूकहाँ डगुरेर जान्छन्। यसमा हामीले ख्याल गर्नुपर्ने एक महत्त्वपूर्ण गुण हो: मानिसहरू उनकहाँ आउनुभन्दा अघि नै अब्राहम तिनीहरूकहाँ पहिले गए।

तिनीहरूसँग यो बिन्ति गर्छन्, "३ तिनले भने, "हे मेरा प्रभु, ममाथि तपाईंको निगाह हुन्छ भने कृपा गरी आफ्नो दासकहाँबाट त्यसै नजानुहोस्। ४ म केही पानी ल्याउनेछु, र तपाईंहरू आफ्ना पाउ धुनुहोस्, र यही रूखमुनि

आराम गर्नुहोस्। ५ म गएर केही रोटी ल्याउनेछु, र खाएर तपाईंहरू थकाइ मार्नुहोस्, त्यसपछि मात्र जानुहोस्, किनभने यसैको निम्ति तपाईंहरू आफ्नो दासकहाँ आउनुभएको होला।" उनीहरूले भने, "जाऊ, तिमीले भनेअनुसार गर।" उत्पत्ति १८:३-५।

आफ्नो लक्ष्य वा मिसन के थियो भनेर अब्राहमलाई थाहा थियो। त्यसबेलाको संसार पनि अहिलेको जस्तै मूर्तिपूजामा भिजेको थियो, सनातन परमेश्वरप्रतिको भक्ति संस्कारमा मानिसहरू लागेका थिएनन् र मानव आविष्कारिक अनगिन्तियौं देवीदेवताहरूलाई पूजा गर्दथ्यो। अब्राहमको त्यो चालमा हामी यो देख्न सक्दछौं कि अपरिचितहरूलाई परमेश्वरको बारेमा सुनाउन आफ्नो लक्ष्य पूरा गर्ने कामको निम्ति उनले अतिथि सत्कारलाई प्रयोग गरेका थिए। ती पाहुनाहरू कताकताबाट अचानक देखा परेका थिए।

त्यसैबखत, अब्राहमको "घरपरिवारको संख्या ठूलो थियो। तिनीहरूमा हजार जना भन्दा बेसी मानिसहरू थिए। तिनीहरू कतिपय त आआफ्नै परिवार थिए र परिवारको आआफ्नै मूली थियो। तिनीहरूमा कतिपय मूर्तिपूजाबाट फर्केर अब्राहमका  परमेश्वरको उपासनामा लागेका थिए। यस खालको घर परिवारलाई चलाउने व्यक्तिमा परिवारप्रति बलियो पकड हुन आवश्यक थियो। कमजोरी र लचिलो स्वभाव भएको व्यक्तिले त्यत्रो समूहको नेतृत्व गर्न सक्दैनथ्यो। अब्राहमको प्रभाव उनको घरपरिवारभन्दा पनि बाहिर परेको थियो। जहाँ जहाँ उनले पाल टाँगे त्यहाँ त्यहाँ त्यसको छेउमा परमेश्वरको आराधना गर्न वेदी बनाउँथे। जब पाल सार्दथ्यो, तब त्यो बेदी त्यहीं रहन्थ्यो; अनि धेरै घुमफिर गर्ने कनानीहरूले परमेश्वरको सेवक अब्राहमको जीवनबाट परमेश्वरको ज्ञान पाएका थिए, र त्यस बेदीमा रोकेर यहोवाको निम्ति बलि चढाउँथे।"-एलेन जी ह्वाइट, *एजुकेशन, पृ. १८७।*

सुरुदेखि नै यस व्यक्तिलाई आफूलाई परमेश्वरले उहाँको लक्ष्य पूरा गर्न बोलाउनुभएको थियो भन्ने कुरा थाहा थियो। प्रतिज्ञा गरिएको देशमा छुट्टी मनाउन होइन तर उनी र उनका सन्तानद्वारा यस संसारलाई आशिषको  स्रोत हुन उनलाई रोजिएको थियो।

***तपाईंको आफ्नै जीवनमा अब्राहमको अतिथी सत्कारको उदारहणलाई तपाईंले पछ्याउन सक्नुहुन्छ?***

## २. सबैलाई माया गर्ने अब्राहमको गुण

अरू मानिसहरूलाई बढो माया गर्ने गुण अब्राहमको थियो। उनले कुनै जाति, कूल, देशीविदेशी वा वर्ण नभनीकन सबैमाथि स्नेहभाव राख्दथे। उत्पत्ति १८:१६-३३ले यसको कसरी पुष्टि गर्दछ? हेर्नुहोस्, "१६ तब ती पुरुषहरू त्यहाँबाट सदोमतिर हेर्न लागे। अब्राहाम उनीहरूसित अलि परसम्म बाटो देखाउन गए। १७ परमप्रभुले भन्नुभयो, "मैले गर्न लागेको काम के अब्राहमबाट लुकाएर राखूँ? १८ अब्राहमबाट एउटा ठूलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् १९ किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।" २० तब परमप्रभुले भन्नुभयो, "सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु। होइन रहेछ भने मलाई थाहा हुनेछ।" २२ यसकारण ती पुरुषहरू त्यहाँबाट झरेर सदोमतिर गए। तर अब्राहामचाहिँ अझै परमप्रभुकै सामु उभिरहे। २३ तब अब्राहामले नजिक गएर उहाँलाई भने, 'के दुष्टहरूसँग धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ? २४ त्यस सहरमा पचास धर्मी जन रहेछन् भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र? २५ दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र?" २६ परमप्रभुले भन्नुभयो, "सदोम सहरभित्र पचास धर्मी जन पाएँ भने म तिनीहरूका खातिर जम्मैलाई छोड़िदिनेछु।" २७ अब्राहामले भने, "हेर्नुहोस्, म केवल माटो र खरानी मात्र भएर पनि परमप्रभुसँग कुरा गर्न आँट गरेको छु। २८ पाँच कम पचास जना धर्मी जन त्यहाँ रहेछन् भने, केवल पाँच मात्र घटी भएकामा सारा सहरै तपाईं नाश गर्नुहुनेछ?" उहाँले भन्नुभयो, "त्यहाँ पैंतालीस पाएँ भने म त्यो नाश गर्नेछैनँ।" फेरि तिनले भने, "त्यहाँ चालीस रहेछन् भने?" २९ उहाँले भन्नुभयो, "चालीस जनाका खातिर पनि म त्यसो गर्नेछैनँ।" ३० तब तिनले भने, "परमप्रभुलाई रिसानी नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस जना

**पाइए भने?" उहाँले भन्नुभयो, "त्यहाँ तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।" ३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग मैले कुरा गर्ने आँट गरिरहेछु। बीस जना पाइए भने?" उहाँले भन्नुभयो, "बीस जनाका खातिर पनि म नाश गर्नेछैनँ।" ३२ अनि तिनले भने, "परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने?" उहाँले भन्नुभयो, "दश जनाका खातिरमा पनि म त्यो नाश गर्नेछैनँ।" ३३ अब्राहामसित कुरा गरिसक्नुभएपछि परमप्रभु गइहाल्नुभयो, र अब्राहामचाहिँ आफ्नो ठाउँमा फर्के।"**

अब्राहमको दोस्रो उल्लेखनीय गुण थियो व्यक्तिगत रूपमा मानिसहरूलाई नचिनेतापनि तिनीहरूमाथि माया र स्नेह राख्ने। यो उत्पत्ति १८ले स्पष्टरूपमा देखाएको छ। यो हामी सबैको निम्ति ठूलो पाठ हो। सोडोम र गोमोराका मानिसहरू पापी, अटेरी, दुष्ट र अत्यन्तै नैतिक पतन भएका मानिसहरू थिए। तिनीहरूसँग कुनै मौलिक मूल्यमान्यताहरू थिएन। तर, सोडोम र गोमोराका मानिसहरूले जुनसुकै धर्म पालन गरेतापनि, तिनीहरू जुनसुकै जाति भएतापनि, तिनीहरूको भाषा जेसुकै भएतापनि, तिनीहरू पुरुष होस् वा स्त्री होस्, तिनीहरूप्रति अब्राहमको ठूलो स्नेह र माया थियो।

तर सोडोम र गोमोराको दुष्टता अति ज्यादति भएकोले तिनीहरूलाई खतम गर्ने निर्णय परमेश्वरले अब्राहमलाई सुनाउनुभएको थियो। "२० तब परमप्रभुले भन्नुभयो, "सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु। होइन रहेछ भने मलाई थाहा हुनेछ।" उत्पत्ति १८:२०-२१।

अब्राहमले परमेश्वरप्रति श्रद्धा देखाएर अत्यन्तै विनम्र भएर उहाँसँग बिन्तिभाउ गर्छन्: "दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र?" उत्पत्ति १८:२५।

यस अनुरोधलाई ध्यान दिएर हेरियो भने अब्राहमको स्नेह यहाँ प्रकट गरिएको पाइन्छ। ती सहरहरूका केवल धर्मीहरूमात्र होइन सबै मानिसहरूलाई उनले बचाउन चाहेका थिए। सोडोम र गमोराका मानिसहरू कति दुष्ट र खराब थिए भन्ने कुरो अब्राहमलाई थाहा थियो। तिनीहरूको बारेमा कस्ता कस्तो नराम्रो खबरहरू तिनले पाए हामीलाई थाहा छैन। तर अर्को

अध्यायमा तिनीहरूको दुष्टताको ज्यादतिलाई प्रकट गरिएको छ। जब लोतको घरमा पाहुनाहरू आए तब त्यहाँका मानिसहरू जम्मा भएर त्यस घरलाई घेरेका थिए र पाहुनाहरूलाई के गर्न चाहेका थिए सो तिनीहरूले चिच्याएर लोतमाथि आक्रमण गर्न थालेका थिए (उत्पत्ति १९:१-११)। ती मानिसहरू अति नै दुष्ट थिए।

तैपनि परमेश्वरको प्रेम थाहा पाएर तिनीहरूको निम्ति अब्राहमले निवेदन गरेका थिए। मानिसहरू पश्चाताप गरेर परमेश्वरकहाँ जहिले पनि फर्कनु सक्छन् भन्ने कुरो अब्राहमलाई थाहा थियो। ती मानिसहरूलाई बचाउन सकियो भने तिनीहरूले पश्चाताप गर्ने अवसर पाउँथ्यो भनेर अब्राहमलाई थाहा थियो।

अब्राहमले आफ्नो अनुरोध मानव जातिप्रति परमेश्वरको प्रेमलाई व्यक्तिगतरूपमै थाहा पाएर जाहेर गरेका थिए। पापीहरूप्रति अब्राहमको आफ्नै ठूलो प्रेम थियो। जबसम्म जीवन छ तबसम्म मानिसले मुक्ति पाउने आशा हुन्छ भन्ने मामिला अब्राहमलाई थाहा थियो।

**हाम्रो आफ्नै प्रार्थनाको जीवनमा अरूहरूको निम्ति प्रार्थना गर्नु किन महत्त्वपूर्ण छ? अरूहरूको निम्ति प्रार्थना गर्दा हाम्रै आत्मिक जीवन कसरी बढ्दछ र पापीहरूप्रति परमेश्वरको प्रेमको वास्तविकतालाई अझ हामी कसरी बुझ्न सक्छौं**

## ३. प्रार्थना गर्ने अब्राहमको जोस

**अरूहरूको निम्ति भनसुन गरेर प्रार्थना गर्नुको शक्ति कस्तो हुन्छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, "२२ यसकारण ती पुरुषहरू त्यहाँबाट झरेर सदोमतिर गए। तर अब्राहामचाहिँ अझै परमप्रभुकै सामु उभिरहे। २३ तब अब्राहामले नजिक गएर उहाँलाई भने, 'के दुष्टहरूसँग धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ? २४ त्यस सहरमा पचास धर्मी जन रहेछन् भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र? २५ दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र?" २६ परमप्रभुले भन्नुभयो, "सदोम सहरभित्र पचास धर्मी जन पाएँ भने म तिनीहरूका खातिर जम्मैलाई छोड़िदिनेछु।" २७ अब्राहामले भने, "हेर्नुहोस्, म केवल माटो र खरानी मात्र भएर**

पनि परमप्रभुसँग कुरा गर्न आँट गरेको छु। २८ पाँच कम पचास जना धर्मी जन त्यहाँ रहेछन् भने, केवल पाँच मात्र घटी भएकामा सारा सहरै तपाईं नाश गर्नुहुनेछ?" उहाँले भन्नुभयो, "त्यहाँ पैंतालीस पाएँ भने म त्यो नाश गर्नेछैनँ।" फेरि तिनले भने, "त्यहाँ चालीस रहेछन् भने?" २९ उहाँले भन्नुभयो, "चालीस जनाका खातिर पनि म त्यसो गर्नेछैनँ।"

३० तब तिनले भने, "परमप्रभुलाई रिसानी नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस जना पाइए भने?" उहाँले भन्नुभयो, "त्यहाँ तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।" ३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग मैले कुरा गर्ने आँट गरिरहेछु। बीस जना पाइए भने?" उहाँले भन्नुभयो, "बीस जनाका खातिर पनि म नाश गर्नेछैनँ।" ३२ अनि तिनले भने, "परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने?" उहाँले भन्नुभयो, "दश जनाका खातिरमा पनि म त्यो नाश गर्नेछैनँ।" उत्पत्ति १८:२२-३२ र "१३ के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। १४ के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, १५ र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। १६ यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ" याकूब ५:१३-१६।

अब्राहम र परमेश्वरको बीचमा भइरहेको वार्तालावले अरूहरूको निम्ति बिन्तिभाउ गर्ने तरिका कस्तो छ भनेर देखाउँदछ। सोडोम र गमोराको बिचमा अब्राहमले परमेश्वरको सामु मध्यस्थता गरेका थिए भनेर यस अध्यायले बताउँछ। तिनीहरूको निम्ति उनले अनुनय बिन्ती गरिरहेका थिए। अब्राहमको मध्यस्थता, पिताको सामु येशूले गर्नु भएको मध्यस्थताको प्रतिक थियो। यस खालको प्रार्थनामा हामी पनि संलघ्न भएमात्र हाम्रो लक्ष्य पनि सफल हुनसक्छ।

सोडोम, गमोरा र आफ्नो नजिक भएका सहरका बासिन्दाहरूप्रति अब्राहमको स्नेह थियो। त्यसैकारण उनको प्रार्थना हृदयदेखि नै इमान्दार भएर

गरेका थिए। सोडोम र गमोराका राजाहरूलाई पराजित गर्ने केही राजाहरूसँग छापामार शैली अपनाएर संग्राम गरेर जितेका थिए। अब्राहमले विजय पाएपछि सोडोमका राजा बिरा उनलाई भेट्न आएका थिए। त्यसबेला मल्किसेडेकसँग उनी अब्राहमकहाँ आएका थिए। अब्राहमसँग सोडोमका मानिसहरू थिए। बिराले आफ्ना मानिसहरूलाई तिनीहरूको घरमा फर्काउन बिन्ति गरेका थिएः "मेरा मानिसहरू मलाई फर्काउनु होस्, तर युद्धमा लुटेको सबै सम्पत्ति तपाईं नै राख्नुहोस्।" उत्पत्ति १४:२१। त्यो देशका राजालाई आफ्नो जनताप्रति प्यार थियो भनेर त्यसले देखाएको थियो। अब्राहमका चरित्रहरूमा सबभन्दा ठूलो चरित्र प्रेम पनि भएको कारणले उनले सोडोम र गमौराका राजाहरूप्रति स्नेह थियो। त्यसकारण, अब्राहमले तिनीहरूको निम्ति बिन्ति गरेका थिए। "नाश हुन लागेका मानिसहरूप्रति प्रेमभएको कारणले त्यसले प्रेरित भएर अब्राहमले बिन्ति चढाएका थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १४०।

आफ्नो प्रार्थनामा अब्राहमले नम्रता र लगनशीलता देखाएका थिए। ५० जना धर्मी भएसम्म सहरलाई नाश नगर्ने परमेश्वरले आफ्नो प्रतिवद्धता देखाएपछि त्यसबाट उत्साहित भएर अब्राहमले आफ्ना मध्यस्थता कायम राखे। प्रार्थनाबिना हाम्रो मिसन सफल हुन सक्दैन। अरूहरूको निम्ति हामीले प्रार्थना गर्नैपर्छ। जब हामी कसैलाई भेट्छौं, सुसमाचार सुनाउँछौं वा उससँग बाइबल पढ्छौं तब हामी त्यस व्यक्तिसँग सम्पर्कमा आएकोले त्यस व्यक्तिको निम्ति प्रार्थना गर्नुपर्दछ। हाम्रो हृदयको सम्पर्कमा आउनेहरूको निम्ति हामीले प्रार्थना गर्दा त्यसप्रति परमेश्वर संवेदनशील हुनुहुन्छ। हामीहरूका शब्द वा भाषण कलाले हाम्रा साथी र चिनजान भएकोहरूलाई परमेश्वरतिर तान्छ भन्ने छैन। तर पवित्र आत्माले नै तान्नुहुन्छ। त्यसकारण हामी परमेश्वरको लक्ष्य बोकेर जुनसुकै काममा लागेतापनि प्रत्येक व्यक्तिको निम्ति व्यक्तिगतरूपमा प्रार्थना गर्नुपर्छ।

**येशूले हाम्रो निम्ति के गर्नुहुन्छ, र हामी पनि अरूहरूको निम्ति मध्यस्थता गर्न गर्नुपर्ने सत्यतालाई हामी कसरी बुझ्न सक्छौं भनेर देहायका पदहरूले कसरी सिकाउँदछ? हेर्नुहोस्, "दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ।" रोमी ८:३४ र**

"२३ अघिका पूजाहारीहरू धेरै संख्यामा थिए, किनकि मृत्युले तिनीहरूलाई कार्यमा लागिरहन दिँदैनथ्यो। २४ तर येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ। २५ फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ।" हिब्रू ७:२३-२५।

## ४. अब्राहमको मिसन वा लक्ष्य

अब्राहमको अतिथि सत्कार गर्ने गुण, स्नेह र प्रार्थनाको नतिजा के भयो? हेर्नुहोस्, उत्पत्ति १९:१-२९, "१ साँझमा ती दुई स्वर्गदूतहरू सदोममा आए। त्यस बेला लोत सदोमको मूल ढोकामा बसिरहेका थिए। उनीहरूलाई देखेर लोत भेट गर्न उठे, र भूइँसम्म निहुरेर दण्डवत् गरी भने, २ "हजूर, कृपा गरी आफ्नो दासको घरमा पाल्नुहोस्, र त्यहीं रात बिताउनुहोस्। तपाईंहरू आफ्ना पाउ धुनुहोस् र बिहान सबेरै उठेर जानुहोस्।" उनीहरूले भने, "अँहँ, हामी बाहिर चोकमा नै सुत्नेछौं।" ३ तिनले उनीहरूलाई ज्यादै ढिपी लाएर बिन्ती गरे। यसैले उनीहरू तिनको साथ लागेर तिनको घरमा गए। तिनले उनीहरूलाई भोज दिए, र खमिर नहालेको रोटी बनाएर उनीहरूका सामुन्ने राखिदिए, र उनीहरूले खाए। ४ उनीहरू सुत्न अघि सदोम सहरका के युवक के बूढ़ा एउटै पनि नछोड़ी जम्मै मानिसहरू आएर लोतको घर रिङ्गै घेरे। ५ तिनीहरूले लोतलाई बोलाएर भने, "बेलुकी तिमीकहाँ आएका मानिसहरू कहाँ छन्? उनीहरूलाई यहाँ बाहिर हामीकहाँ ल्याऊ, र हामी उनीहरूसँग भोग गरौं।" ६ लोत ढोकाबाहिर तिनीहरूकहाँ गएर ढोकाचाहिँ आफ्नो पछिल्तिर थुनिदिए, ७ र तिनीहरूलाई भने, "हे मेरा दाजुभाइ हो, कृपा गरी यस्तो दुष्ट काम नगर्नुहोस्। ८ कुनै मानिससित सहवास नभएका मेरा दुई छोरीहरू छन्। बरु म तिनीहरूलाई नै तपाईंहरूकहाँ बाहिर ल्याइदिनेछु। तपाईंहरूको इच्छाअनुसार तिनीहरूसित व्यवहार गर्नुहोस्। तर यी मानिसहरूलाई केही नगर्नुहोस्, किनकि उनीहरू मेरो छानामुनि आएका मेरा पाहुना हुन्।"

९ तर तिनीहरूले भने, "पछि हट्।" अनि तिनीहरूले भने, "हामीसँग बसोबास गर्न आएको यो मानिस अब हाम्रो न्यायकर्ता हुन खोज्दोरहेछ। अब उनीहरूलाई भन्दा तँलाई हामी नराम्रो व्यवहार गर्नेछौं।" तब तिनीहरूले

लोतलाई घचेटे, र ढोका फोर्नलाई अगि बढ़े। १० तर भित्रका ती दुई
मानिसहरूले आफ्ना हात बढ़ाएर लोतलाई तानी आफूकहाँ घरभित्र हुले, र ढोका
थुनिदिए, ११ र उनीहरूले घरका ढोकानेर भएका साना-ठूला जम्मै
मानिसहरूलाई अन्धा पारिदिए। तब ती मानिसहरूले ढोका भेट्टाउन सकेनन्।
१२ ती दुई मानिसहरूले लोतलाई भने, "तिमीसँग यहाँ अरू कोही छन्? जुवाइँ,
कि छोराछोरीहरू, अथवा सहरमा तिम्रा अरू जो भए पनि तिनीहरूलाई लिएर यस
ठाउँबाट निस्केर जाऊ, १३ किनभने हामी यस ठाउँलाई नष्ट पार्नेछौं, किनकि
यहाँका मानिसहरूका विरुद्धमा उठेको आवाज परमप्रभुको अगि यति ठूलो भएको
छ कि यस सहरलाई सर्वनाश गर्न परमप्रभुले हामीलाई पठाउनुभएको छ।" १४
यसैकारण आफ्ना छोरीहरूलाई विवाह गर्न माग्ने जुवाइँहरूकहाँ गएर लोतले
भने, "उठ, यस ठाउँबाट गइहाल, किनभने परमप्रभुले यो सहर नष्ट पार्नुहुनेछ।"
तर जुवाइँहरूलाई त तिनले ठट्टा गरेजस्तो लाग्यो। १५ उज्यालो हुन लाग्दा ती
दूतहरूले लोतलाई यसो भनेर आतुरी लाए, "उठ, तिम्री पत्नी र यहाँ भएका तिम्रा
दुई छोरीहरूलाई लिएर गइहाल, नत्रता यस सहरले पाउने सजायमा तिमी पनि
भस्म हुनेछौ।" १६ जब तिनले आलटाल गरिरहे, तब ती मानिसहरूले तिनका,
तिनकी पत्नीका र दुवै छोरीहरूका हात समातेर सहरबाहिर ल्याए। किनभने
परमप्रभुको दया तिनीहरूमाथि थियो। १७ तिनीहरूलाई बाहिर ल्याएपछि
उनीहरूमा एक जनाले भने, "आफ्नो ज्यान जोगाउनलाई भाग, फर्केर पछाड़ि नहेर,
र बेंसीमा कतै पनि नअड़िनू, तर पहाड़तिर भाग, नत्रता तिमीहरू भस्म हुनेछौ।"
१८ तब लोतले उनीहरूलाई भने, "हजूर हो, त्यसो नहोस्। १९ हेर्नुहोस्,
तपाईंहरूको दासले तपाईंहरूको अनुग्रह पाएको छ, र मेरो प्राण बचाएर
तपाईंहरूले मलाई ठूलो करुणा देखाउनुभएको छ। म पहाड़तिर भाग्न सक्दिनँ,
नत्रता यस विपत्तिमा परेर म मर्नेछु। २० हेर्नुहोस्, ऊ त्यो सहर भाग्नलाई
नजिकै छ, र त्यो सानो पनि छ। मलाई त्यहीं नै भाग्न दिनुहोस्- त्यो साह्रै सानो
छैन र? त्यहाँ गए मेरो प्राण बाँच्ला।" २१ उनले तिनलाई भने, "हेर, यस
विषयमा मैले तिम्रो बिन्ती ग्रहण गरें। तिमीले भनेको सहरलाई चाहिँ म भस्म
गर्नेछैनँ। २२ चाँड़ो गरेर त्यहीं नै भाग, किनकि तिमी त्यहाँ नपुगुञ्जेल म केही
गर्न सक्दिनँ।" (यसैले त्यस सहरको नाउँ सोअर राखियो।)

**२३ लोत सोअरमा पुग्दा सूर्य उदाइसकेको थियो। २४ तब परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो। २५ यसरी उहाँले ती सहरहरू र जम्मै बेंसी र सहरहरूका सबै बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोक सर्वनाश गरिदिनुभयो। २६ तर लोतकी पत्नीले पछाड़ि फर्केर हेरिन्, र तिनी नूनको थाम भइहालिन्।**

**२७ अब्राहाम सबेरै उठेर तिनी परमप्रभुको सामु उभिएको ठाउँमा गए। २८ तिनले तल सदोम, गमोरा र बेंसीका सबै जग्गातिर हेरे। र त्यस ठाउँबाट धूवाँ भट्टीको धूवाँजस्तै मास्तिर उठिरहेको तिनले देखे। २९ यसरी बेंसीका सहरहरू सर्वनाश गर्नुहुँदा परमेश्वरले अब्राहामलाई सम्झनुभयो। लोत बसेको सहरलाई उहाँले नष्ट पार्नुहुँदा त्यस सर्वनाशको बीचबाट लोतलाई निकाल्नुभयो।" उत्पत्ति १९:३-२९।**

सोडोम सहरमा लोतको उपस्थिति कस्तो थियो भनेर बाइबलले रोचक तरिकाले औंल्याएको छः "लोत सोडोमको मूल द्वारामा बसिरहेका थिए।" उत्पत्ति १९:१। यसको अर्थ लोत सहरको प्रतिस्थित व्यक्ति थिए। उनी सरकारी कर्मचारी थिए। सहरको मूल द्वारमा बस्ने हाकिम, न्यायकर्ता र राजाहरूले पाउने अवसर थियो (२ शमूएल १९:८, यर्मिया ३८:७, रुथ ४:१)।

उत्पत्ति १९ झण्डै उत्पत्ति १८सँग मिल्दछ। दुवै कथाहरूमा अब्राहमसँग स्वर्गदूतहरूको संवाद उल्लेख गरिएको छ। अब्राहम र लोत सहरको द्वार व ढोकामा बसिरहेका थिए (उत्पत्ति १८:१, १९:१)। दुवै अब्राहम र लोतले अपरिचित मानिसहरूलाई आआफ्नो घरमा विश्राम लिन अनुरोध गरेका थिए (उत्पत्ति १८:३,४; उत्पत्ति १९:२); अब्राहम र लोत दुवैले पाहुनाहरूले खाना दिए (उत्पत्ति १८:४-८, उत्पत्ति १९:३)। लोतमा जे कमीकमजोरी भएतापनि उनमा केही असल गुणहरू थियो।

"२४ तब परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो। २५ यसरी उहाँले ती सहरहरू र जम्मै बेंसी र सहरहरूका सबै बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोक सर्वनाश गरिदिनुभयो।" उत्पत्ति १९:२४-२५।

यो विवरण लेखिएको समयमा ती दुवै सहरहरूमा कति जना मानिसहरू थिए भन्ने हामीलाई थाहा छैन। तर त्यहाँ हजारौं त थिए नी। तर

तिनीहरूमा केवल चार जनामात्र ती सहरहरू छोडे र तीन जनामात्र बचे। जलप्रलयको कथा पनि त्यही खालको छ। जल प्रलय हुनुभन्दा अघि कति मानिसहरू थिए भन्ने कुरो हामीलाई थाहा छैन, तर जे भएतापनि सबै जना बचेका थिएन।

सोडोम सहरका थोरै मानिसहरू मात्रै बचेका थिए भन्ने कुरोले हाम्रो मिसन वा लक्ष्यलाई बताउँछः संसारका सबै जनाले मुक्ति पाउँछ भन्ने छैन। सबै जनाले येशूलाई ग्रहण गरोस् भन्ने हामी चाहन्छौं र उहाँको मुक्तिको योजनामा सबै जना सहभागी होस् भन्ने हाम्रो चाहना हो। प्रत्येक मानिसको आत्मनिर्णयको स्वतन्त्र अधिकार छ। हाम्रो काम कसैलाई मुक्ति दिने वा दिलाउने होइन तर येशूलाई रोज्न सकेसम्म धेरै मानिसहरूलाई अनुरोध गर्नु हो। जब हामी आफ्नो लक्ष्यमा अघि बढिरहेका हुन्छौं, तब परमेश्वरले हामीलाई पवित्र आत्माद्वारा सहयोग गर्नुहुन्छ। यद्यपि परमेश्वरपनि वैयक्तित स्वतन्त्रताको निर्णय विरुद्धमा कहिल्यै पनि जानु हुन्न। आत्मनिर्णय वा विवेकको स्वतन्त्रता भन्नुको अर्थ अन्तमा हामी जे गरेतापनि, जतिसुकै प्रार्थना नै गरेपनि मुक्ति प्रत्येक व्यक्तिको निर्णयमा भर पर्दछ।

***जब हामी अरूहरूलाई सुसमाचार सुनाउँछौं तर कामबाट हामीले अपेक्षा गरेको अनुसार नतिजा आएन भने हामी कसरी निराश नहुने?***

## ५. परमेश्वरको इच्छामा समर्पित

**उत्पत्ति १२:१-९ पढ्नुहोस्। हामी कहाँ गइरहेका छौं वा हाम्रो अगाडि के छ त्यो थाहा नपाएतापनि हाम्रो जीवन परमेश्वरको भरोसामा छोड्नु भनेको के हो भनेर यी पदहरूले हामीलाई कसरी देखाउँछ? हेर्नुहोस्, "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" ४ यसैकारण परमप्रभुले भन्नुभएबमोजिम अब्राम गइहाले, र लोत पनि तिनीसँग गए। हारानबाट निस्केर जाँदा अब्राम पचहत्तर वर्षका थिए। ५ अब्राम, तिनकी पत्नी साराई र तिनका**

**भतिजा लोत र तिनीहरूले जम्मा गरेका सबै धन-सम्पत्ति र हारानमा प्राप्त गरेका मानिसहरूलाई लिएर कनान देशमा जानलाई निस्के, अनि त्यहाँ पुगे। ६ अब्राम त्यस देशबाट भएर शकेममा भएको मोरेका फलाँटको रूख भएको ठाउँसम्म पुगे। त्यस बेला त्यस ठाउँमा कनानीहरू बस्थे। ७ परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म तिम्रा सन्तानलाई यो देश दिनेछु।" यसैले तिनीकहाँ देखा पर्नुभएको परमप्रभुको निम्ति तिनले त्यहाँ एउटा वेदी बनाए। ८ त्यहाँबाट तिनी हिँड़ेर बेथेलको पूर्वपट्टि भएको पहाड़मा सरे, र बेथेललाई पश्चिम र ऐ सहरलाई पूर्वपट्टि पारेर आफ्नो पाल टाँगे। तिनले परमप्रभुको निम्ति एउटा वेदी बनाएर परमप्रभुका नाउँको पुकारा गरे। ९ अनि अब्राम अझै यात्रा गर्दै नेगेव भनिने दक्षिण देशतिर गए।" उत्पत्ति १२:१-९।**

अब्राहमका धेरै गुणहरूमा परमेश्वरको इच्छामा समर्पित हुने गुण पनि एउटा थियो। अब्राहमका सबै अनुभवहरूमा परमेश्वरलाई सुम्पिने स्वभाव उल्लेखनीय थियो।

***अब्राहमको बोलाहतः*** अब्राहमले परमेश्वरबाट चुनौतीपूर्ण बोलाहत पाएका थिएः "परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ।" उत्पत्ति १२:१। जब उनले यो आवाज पहिले सुने तब आफू सुविधासम्पन्न ठाउँबाट किन बाहिरिने भनेर उनले पन्छाउन सक्थ्यो। यो त भ्रममा पार्ने आवाज हो भनेर उनले सोच्न सक्थे। वा उनले त्यस सन्देशलाई ठाडै अस्वीकार गरि यसो भन्न सक्थे, *म जान चाहन्न। मलाई यहीँ मन पर्छ। मलाई विदेशमा जानु आवश्यक छैन।* तर "जुन भूमि म तिमीलाई देखाउनेछु" भन्ने बोलि नै जाने ठाउँको विवरण अचम्म लाग्दो हुन सक्थ्यो। तर, परमेश्वरको आवाजलाई उनले स्वीकारे। उनले आफ्नो चाहनालाई परमेश्वरको चाहनासँग मिलाए। उनले आफ्नो बाबुको घरपरिवार र जन्मभूमि छोडेर गएः "परमेश्वरले भन्नुभएकै बमोजिम अब्राम आफ्नो बाबुको थलोबाट निस्किए" (उत्पत्ति १२:४)।

*भूमि पाउने निर्णयः* जब परमेश्वरले भन्नुभएको भूमिमा उनी र उनका भतिजा आइपुगे तब त्यहाँ तिनीहरूका कामदारहरूको बीचमा झगडा भयो। आफ्नै हाडछालासँग झगडा गर्ने खालको मानिस अब्राहम थिएन। उनले आफ्नो इच्छा परमेश्वरलाई नै सुम्पेका थिए। उहाँले नै उनलाई आशिष दिनुभएको

थियोः "१४ लोत तिनीबाट अलग भएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, "अब तिम्रा आँखाहरू उठाएर तिमी भएको ठाउँबाट उत्तर, दक्षिण, पूर्व र पश्चिमतिर हेर्। १५ तिमीले देखेका सबै ठाउँ म तिमीलाई र तिम्रा सन्तानलाई सधैंको निम्ति दिनेछु।" उत्पत्ति १३:१४-१५।

*सोडोम र गमोराको नाशः* जब परमेश्वरले ती सहरहरूको भविष्यको बारे अब्राहमलाई सुनाउनुभयो तब अब्राहमको हृदय प्रेमले भरिएको थियो, र ती सहरहरूलाई नाश गर्नुबाट बचाउन प्रयास गरेका थिए। ती सहरहरूमा दश जना पनि धर्मी नभएकोले ती सहरहरू नाश भए। अब्राहमले परमेश्वरको इच्छामा आफूलाई सुम्पे र उहाँको निर्णयलाई अब्राहमले स्वीकारेका थिए।

प्रत्येक परिस्थितिमा अब्राहमले आफ्नो इच्छा परमेश्वरमा समर्पण गरेकोले उहाँले उनलाई प्रयोग गर्न सक्नुभएको थियो। यही स्थिति आजपनि हामीमा हुनुपर्दछ।

**चुनौतीः** *हाम्रा सहरहरूमा प्रभावकारीरूपमा र उचितरूपमा सुसमाचार सुनाउन अनेकौं बाधाहरूको सामना हामीले गर्नुपर्छ। परमेश्वरको हस्तक्षेपको निम्ति हामी उहाँसँग अनुनय बिन्ति गर्नुपर्छ।*

**चुनौतीलाई सामना गर्नः** *तपाईंलाई जुन कुरा कठिन भइरहेको छ त्यही कठिनाइ भोगिरहेको मानिसलाई सम्पर्क गर्नुहोस्। उनको निम्ति तिमी प्रार्थना गरिरहेको छु भनेर सुनाउनुहोस्। उसलाई सहयोग गर्न परमेश्वरसँग सहायता माग्नुहोस्।*

**उपसंहार**

**थप जानकारीः** "नाश हुन लागेका मानिसहरूप्रति स्नेह भएकोले नै अब्राहम प्रार्थना गर्न उत्प्रेरित भएका थिए। भ्रष्ट सहरका पापहरूदेखि उनी वाक्क त भएका थिए, तैपनि त्यहाँका पापीहरू बचोस् भन्ने उनको चाहना थियो। नाश हुन लागेको सोडोमप्रति व्यक्त गरेको उनको गगहिरो चिन्ता हामीमा पनि हुनुपर्छ। पापप्रति हाम्रो घृणा त हुनैपर्छ, तर पापीहरूप्रति दया र माया हामीमा हुनुपर्छ। हाम्रा वरिपरिरहेका मानिसहरूमा पनि सोडोमको भयानक गति बज्रिनेछ। तिनीहरू आशारहित जीवन बिताइरहेकाछन्। परमेश्वरले दिनुभएको उहाँलाई रोज्ने अवसर प्रत्येक दिन कसै न कसैको निम्ति बन्द भइरहेको हुन्छ। प्रत्येक घन्टा कोही न कोही परमेश्वरको दयाबाट बिलाउँदैछ।

अनि आउने विध्वंसबाट बचाउन आवाजहरू निकाल्नेहरू कहाँ छन् त ? त्यो व्यक्तिको निम्ति विश्वाससाथ लगनशील भएर नम्र हुँदै प्रार्थना गर्ने व्यक्तिहरू कहाँ छन् त ?

"अब्राहमको मनोभावना येशू ख्रीष्टकै मनोभावना थियो। पापीको निम्ति एकदम पहल गर्ने परमेश्वरको पुत्र आफै हुनुहुन्थ्यो। मानिसको मोल कतिको छ भनेर उसको निम्ति मोल तिर्ने येशूलाई नै थाहा छ। दुष्ट र खराबप्रति वाक्क हुने स्वभाव केवल निश्कलङ्क येशूमामात्र छ। आफ्नो अनन्तको भलोलाईनै अघि सारेर उहाँले पापीलाई माया गर्नुभएको छ। त्यस खालको माया केवल उहाँकै हृदयमामात्र उब्जिन सक्छ। सारा संसारको पापलाई उहाँले बोक्नुपर्दा क्रूसमा उहाँले भयानक पीडा भोग्नुभएको थियो। आफ्ना विरोधी र हत्याराहरूलाई उहाँले प्रार्थना गर्नुभएको थियो, 'पिता तिनीहरूलाई क्षमा दिनुहोस्, किनकि तिनीहरूले के गरिरहेकाछन् सो तिनीहरूलाई थाहा छैन।' लूका २३:३४।"- एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस*, पृ. १४०।

"वरिपरिका राष्ट्रहरूले अब्राहमलाई शक्तिशाली राजकुमार, बुद्धिमानी र सक्षम् अगुवा भनेर सम्मान गरेका थिए। आफ्ना छिमेकीहरूलाई दिनुपर्ने प्रभावलाई उनले रोकेनन्। उनको जीवन र चरित्र उनका वरिपरि रहने मूर्तिपूजकहरूको भन्दा उल्लेखनीयरूपमा फरक थियो। सत्य विश्वासबाट के निगाहा पाउँछ भनेर उनको जीवनले सबैलाई देखाइरहेको थियो। सृष्टिकर्ता परमेश्वरप्रतिको उनको बफादारीता डगमगिएको थिएन। उनको मिजासिलो, शुशिलता, उदारवादी र मैत्रीपूर्ण व्यवहारले उनका वरिपरिरहेकाहरूलाई ठूलो प्रभाव पारेको थियो। त्यसको फलस्वरूप उनी सबैबाट सम्मान र आदर पाएका थिए।"- एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस*, पृ. १३३,१३४।

**चिन्तनमननः**

अ. परमेश्वरको लक्ष्यको निम्ति बोलाइएका व्यक्तिहरूले आफ्नो लक्ष्य पूरा गरेको बाइबलमा को को छ, जसले हामीलाई पनि प्रेरणा दिँदछ? बप्तिस्मा दिने यूहन्नाको बारेमा तपाईं के भन्नु हुन्छ? के उनी सफल प्रचारक थिए त?

आ. उत्पत्ति १९:३०-३६ पढ्नुहोस्। सोडोमबाट उद्धार गरिएका व्यक्तिहरूका चरित्र कस्तो थियो भनेर खुलेआमा कसरी भण्डफोर गर्दछ? हेर्नुहोस्, " ३० लोत सोअरबाट निस्केर आफ्ना दुवै छोरीहरूका साथमा पहाड़मा गएर बस्न लागे, किनभने सोअरमा बस्न तिनी डराए। तिनी आफ्ना दुवै छोरीहरू एउटा ओड़ारमा बस्न लागे। ३१ एक दिन जेठीले कान्छीलाई भनी, "हाम्रा बाबु वृद्ध हुनुभएको छ। र संसारको

रीतिबमोजिम हामीकहाँ आउने पृथ्वीमा कुनै मानिस छैन। ३२ यसैले अब हामी आफ्ना बाबुलाई मद्य खुवाएर उहाँसित सुतौं, र आफ्ना पिताबाट सन्तान खड़ा गरौं।" ३३ त्यसै रात तिनीहरूले आफ्ना पितालाई दाखमद्य खुवाए, र जेठीचाहिँ आफ्ना पिताकहाँ गएर सुती। त्यो सुत्न आएकी र उठेर गएकी लोतलाई केही अत्तोपत्तो भएन। ३४ भोलिपल्ट जेठीले कान्छीलाई भनी, "हेर, हिजो राती म बाबुसित सुतें। आज राती पनि उहाँलाई मद्य खुवाऔं, र तँ गएर उहाँसित सुत्, र हामी आफ्ना पिताबाट सन्तान खड़ा गरौं।" ३५ यसरी तिनीहरूले त्यस रात पनि आफ्ना पितालाई दाखमद्य खुवाए, र कान्छीचाहिँ गएर उहाँसित सुती। त्यो सुत्न आएकी र उठेर गएकी लोतलाई केही थाहै भएन। ३६ यसरी लोतका दुवै छोरीहरू आफ्ना पिताबाट गर्भवती भए। ३७ तब जेठीले एउटा छोरो जन्माई र उसले त्यसको नाउँ मोआब राखी। हिजोआजका मोआबीहरूका पुर्खा यिनी हुन्। ३८ कान्छीले पनि एउटा छोरो जन्माई, र उसले त्यसको नाउँ बेन-अमी राखी। हिजोआजका अम्मोनीहरूका पुर्खा यिनी हुन्।" उत्पत्ति १९:३०-३८।

इ. अब्राहमको लक्ष्य वा मिसन र उनले गरेका कामहरूको उदाहरणबाट अरू पाठहरू हामी के सिक्न सक्छौं?

ई. यो सोच्नुहोस्: सोडोम र गमोराको निम्ति अब्राहमले गरेका पहल सफल थियो कि असफल थियो, के भन्नु हुन्छ?

## कथा ४

## बुढो मानिसको लामो पर्खाइ

**कोसमोस**

**क्यामरून**



पश्चिम अफ्रिका देशको क्यामारुन देशको एक जना बृद्ध मानिसको कथा हो। क्यामरुनको राजधानी याओन्डेमा रहेको चुरोट कम्पनीको कारखानामा म्बासी काम गर्दथे। उनले चुरोटहरू बनाउँथे। एक दिन ठूलो सहरमा स्विटजरलाण्ड देशबाट आएको एक जना सुसमाचार प्रचारकलाई उनले भेटे। त्यस प्रचारकले उनलाई बाइबलको बारेमा सुनाए र बाइबल सिकाउने प्रस्ताव उनले राखे। यो सन १९५३को कुरो थियो। उनले बाइबल अध्ययन मन पराए र हप्ताको सातौं दिन साबथ पालन गर्न थाले। आफ्नो जीवन येशूलाई सुम्पिन उनले चाहे र आफूलाई बप्तिस्मा दिन उनले अनुरोध गरे।

तर उनले चुरोट बनाउने कारखानामा काम गरिरहेको र कहिलेकाहीँ साबथमा पनि काम गर्ने भएकोले उनको अनुरोधलाई अस्वीकार गरिएको थियो। उनी निराश भएतापनि सकेको बेलामा उनी चर्चमा जान रोकेन। तर साबथमा जहिले जहिले चर्चमा जान्थे तब काममा उसलाई समस्या आउन थाल्यो। आखिरमा साबथमा चर्च जाने भएकोले उनलाई कामबाट निकाली दिए। काम नपाएपनि साबथमा चर्चमा गइरहे। सहरमा केही काम नपाएकोले उनी आफ्नो गाउँमा फर्के। आफ्नो गाउँमा पनि साबथ पालन गरिरहे, तर उनले बप्तिस्मा लिएका थिएनन्। ५२ वर्ष सम्म पालन गर्दै रहे।

दिन दिनै म्बासी बुढो हुन थाले। उनको कपाल सेतो भएको थियो। उनका आँखाहरू धमिलो हुन थालेका थिए। तर येशूप्रतिको प्रेमले उनलाई बल मिलिरहेको थियो। हरेक दिन आफूले बप्तिस्मा लिन चाहेको चाहना गर्दै रहे।

एक दिन एक जना सेभेन्थ-डे एडभेन्टिस्ट सुसमाचार प्रचारक उनको गाउँमा आए र सार्वजनिक सुसमाचार कार्यक्रमको आयोजना गरे। म्बासीले साबथ पालन गरेको सहरका मानिसहरूलाई थाहा थियो। तिनीहरूले त्यस प्रचारकलाई एक जना बुढो मानिस जसले साबथ पालन गरिरहेको छ भन्ने कुरा सुनाए।

"त्यस बुढो मानिसका भतिजा पास्टर हुनुहुन्छ। तर त्यस बुढो मानिस आइतबार भतिजाको चर्चमा जाँदैन। उनको चर्च आफ्नै घरको नजिक भएतापनि उनी त्यहाँ जाँदैन," तिनीहरूले प्रचारकलाई बताए। "उनको घर नजिक अर्को चर्च पनि छ तर उनी त्यहाँ पनि जाँदैनन्," अर्कोले सुनाए।
सहरका मानिसहरूले म्बासीलाई गिल्ला गरेका थिए भनेर ती प्रचारकले थाहा पाए। उनी साबथ पालन गर्ने भएकोले नाउँमात्र सेभेन्थ-डे एडभेन्टिस्ट भनेर तिनीहरूले भन्थे किनकि उनले बप्तिस्मा लिएको थिए।

त्यस बुढो मानिसको बारेमा थाहा पाएपछि प्रचारकले सबै कामा छोडेर तुरन्तै त्यस मानिसको घरमा गए। म्बासी बुढो थिए, बिरामी थिए र ओछ्यानमा परिरहेका थिए। आफू मर्ने भनेर थाहा पाएपछि विगत दुई दिनदेखि यो प्रार्थना गरिरहेको उनले प्रचारकलाई सुनाए, "हे प्रभु, बप्तिस्मा नलिइकन म कसरी मर्ने? सन १९५३ देखि मैले साबथ पालन गरिरहेको छु तर मैले बप्तिस्मा लिन पाएको छैन। म तपाईंको बालक हुँ। म मर्नुभन्दा अघि मैले बप्तिस्मा लिन पाउँछु।" यो सुनेर प्रचारक अत्यन्तै भावुक भए। तिनीहरू दुवै जना मिलेर प्रार्थना गरिरहे।



अनि म्बासीसँग त्यस प्रचारकले दुई हप्ता बाइबल सिकाए। त्यो प्रचारक कोसमास थिए। त्यस प्रचारक ४५ माइल वा करिब ७० किलोमिटर टाढा रहेको एडभेन्टिस्ट अस्पतालमा काम गर्थे। त्यो अस्पताल क्यामरुन देशको राजधानी यावन्डेमा छ।

त्यति टाढादेखि म्बासीको गाउँमा आएर उनलाई हरेक दिन बाइबल सिकाउन त्यस प्रचारकलाई धेरै कठिन थियो। बाटो राम्रो थिएन। खाल्डाखुल्डी भएको बाटोमा गाडी चलाउन सजिलो थिएन। तैपनि येशूप्रतिको प्रेम र म्बासीप्रतिको मोहले उनले बाइबल अध्ययनलाई निरन्तरता दिइरहेको थियो।

आखिरमा म्बासीले बप्तिस्मा लिए। उनी ८४ वर्षका थिए। उनी यस्तो कमजोर थिएकि उनलाई बोकेर नै पानीमा लानुपरेको थियो। तर उनी खुशी थिए। हाँसी हाँसी उनी पानीमा चुप्लिए। जब उनी पानीबाट निस्केका थिए उनको हँसिलो मुहार झन ठूलो थियो। परमेश्वरले उनको लामो समयसम्मको प्रार्थना सुन्नुभयो र आखिरमा उनले बप्तिस्मा लिन पाएका थिए।

*-आन्ड्र्यु मेकचेस्नी*